परियोजना संक्षेप

BiratNepal bnmtnpl

BNMT NEPAL Serving the People of Nepal | The University of Melbourne | LEO Foundation

ACCELERATE ZERO LEPROSY

# Accelerating to Zero Transmission of Leprosy in Nepal

## भुमिका




कुष्ठरोग, छालाको एक उपेक्षित “अवहेलित उष्ण रोग” हरुमा पर्छ । यो रोग गम्भीर रूपमा लान्छना तथा भेदभावले ग्रसित छ । यसले दीर्घकालीन असक्षमता, सामाजिक आर्थिक र मानसिक स्वास्थ्य समस्याहरू निम्त्याउँछ । यो उपचार गर्न सकिने र रोकथाम गर्न सकिने रोग हो, तर पनि विश्वको सबैभन्दा गरिब र उपेक्षित नागरिकहरूमाझ कायम छ । कुष्ठरोगको सर्ने क्रममा भएको बुझाईको कमीले संक्रमण पूर्ण रुपमा रोक्ने कार्यक्रमहरुको प्रभावकारितालाई सीमित गरेको छ ।

नेपालमा कुष्ठरोग कार्यक्रमले उल्लेखनीय प्रगति गरेको छ, यद्यपि केसहरू फेरि बढ्दै गएका छन् र १६ जिल्लाहरूले १/१०,००० जनसंख्या भन्दा बढी प्रकोप रिपोर्ट गरेका छन । नयाँ केसहरूमा ग्रेड २ अपाङ्गताको अनुपात र बाल अनुपात पनि उच्च छ । कुष्ठरोगको शुन्य प्रसारणको लक्ष्यमा तिव्रता दिन प्रारम्भिक केस पत्ता लगाउनू र उपचारका गतिविधिलाई विस्तार र सुदृढ गर्नु तत्कालको आवश्यक देखिएको छ ।

## उद्देश्य

- दुई नमूना जिल्लाहरू (बाँके र महोत्तरी) मा कुष्ठरोगको केस पत्ता लगाइ यस रोगको वास्तविक व्यापकता र भूस्थानिक महामारी विज्ञान स्थापना गर्ने ।
- कुष्ठ रोगीहरूबाट रोगका २,००० strains को अनुवान्सिक अनुक्रमन र GIS mapping गरी रोगको स्थानीय तथा भारतिय सिमामा सर्ने क्रम, संक्रमन गराउन सक्ने ठाउँहरु र कुष्ठ रोगका strains ले गर्न सक्ने क्षति बारे बुझ्नु ।
- परियोजनाका तथ्यांकको प्रयोग गरी गणितीय मोडेलहरू विकास गरेर भविष्यमा लक्षित कुष्ठ रोगको सक्रिय केस खोज पड्ताल कार्यक्रमलाई अझ राम्रो बनाउनु ।
- सरकार, प्रभावित समुदाय, गैरसरकारी संस्थाका साझेदारहरू र अन्य सरोकारवालाहरूसँग मिलेर नीतिगत संवादहरू सञ्चालन गर्नु र परियोजनाबाट आएका प्रमाणका आधारमा कुष्ठरोगका लागि पाँच वर्षे राष्ट्रिय रणनीतिक योजना (२०२५-२०३०) का नीति संशोधनमा योगदान पुर्‍याउनु ।



BNMT NEPAL
Serving the People of Nepal

LEO FOUNDATION

## कार्यक्रमहरू

- जिल्लामा अवस्थित तथा हाल भईरहेका कार्यक्रमलाई अझ बढाउन सम्पर्क पत्ता लगाउदै नयाँ केसको खोजी गर्ने
- कुष्ठरोगको अनुवान्सिक अनुक्रमन र औषधि प्रतिरोध रेखाङ्कनका लागि नमूना सङ्कलन ।
- भूस्थानिक रेखाङ्कन द्वारा परियोजनाका तथ्यांक सृजना गरी गणितिय मोडेल तयार गर्ने
- सामुदायिक सचेतना र वकालतका कार्यक्रम गर्ने ।
- सरकारी तालिम निर्देशिका प्रयोग गरी दुई जिल्लामा व्यापक स्वास्थ्यकर्मीहरुको तालिम गर्ने ।
- स्थानीय सरोकारवालाहरू र प्रभावित समुदायहरूसँग वकालत र सचेतनाका कार्यक्रमहरू गर्ने ।
- यस अध्ययनको निष्कर्षहरु बारे जानकारी दिदै सरोकारवालाहरूसँग नीतिगत संवाद गर्ने र २०२५ पछिको ५ वर्षे राष्ट्रिय कुष्ठरोग रणनीति बनाउनका लागि परियोजनाका निष्कर्षहरु सिफारिसहरू गर्ने ।

## अपेक्षित परिणामहरू

- ग्रेड २ वा पछि निदान गरिएका कुष्ठरोगका केसहरूको अनुपात घटाउन र सङ्क्रमणको शृङ्खलालाई तोड्न प्रारम्भिक केस पत्ता लगाउने कार्यक्रम र उपचारलाई सुधार गरिएको ।
- परियोजनाका तथ्यांक र निष्कर्षहरुबाट प्राप्त ज्ञानद्वारा स्थानीय कुष्ठरोग महामारी विज्ञानमा अझ राम्रो बुझाइ र केस खोज्ने रणनीतिहरूका लक्ष्यमा सुधार भएको ।
- परियोजना र सचेतनाका कार्यक्रम सुधार गर्न स्थानीय समुदायहरू भित्र र विभिन्न समुदायहरू बिच कुष्ठ रोगको संक्रमन बारे बुझाइ भएको ।
- कुष्ठरोगको उपचार र रोकथाम रणनीतिहरू अनुकूलन गर्न नेपाल भित्र फैलिएको यस रोगको प्रसार, उदीयमान ढाँचा र औषधि प्रतिरोधका प्रकारहरू बारे बुझाई ।

## परियोजना स्थलहरू

परियोजना अवधि : ३६ महिना




**परियोजना जिल्लाहरु (बाँके, महोत्तरी) मा गाढा रातो रङ्ग लगाईएको ।**

## सहकार्य र साझेदारी

**आर्थिक सहयोग :** लियो फाउन्डेसन
**अन्तराष्ट्रिय साझेदारहरु :** युनिभर्सिटी अफ मेलबोर्न डोहटी ईन्स्टिच्युट
**साझेदारहरु :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महासाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, सेन्टर फर मेलिकुलर डाएनामिक्स् नेपाल, लालगढ कुष्ठरोग अस्पताल, धनुषा, शाइनिङ् अस्पताल, बाँके, स्वास्थ्य कार्यालय, स्थानिय पालिकाहरु


### केन्द्रिय कार्यालय
**वि.एन.एम.टी. नेपाल**
पि.ओ.बक्स : २०५६४ लाजिम्पाट २, काठमाडौं
फोन : +९७७ १ ४५३६४३४, ४५२८२४०, ४५४१९१८
ईमेल : bnmtnepal@bnmt.org.np

### क्षेत्रिय कार्यालयहरु
नेपालगञ्ज उपमहानगरपालिका - १०
भृकुटीनगर, नेपालगञ्ज
फोन : ०८१-५३०७५७

बिराटनगर महानगरपालिका - ११
जनपथ टोल, बिराटनगर मोरङ्ग, पि.ओ.बक्स : ९
फोन : ०२१-४७०६०८

## सम्पर्कको लागी

**श्री ज्ञानेन्द्र श्रेष्ठ**
राष्टिय कार्यक्रम संयोजक, परियोजना प्रबन्धक, वि.एन.एम.टी.
मोबाइल : ९८५२०२३९१९
ईमेल : gyanendra@bnmt.org.np

www.bnmtnepal.org.np

**डा. सारा डन्स्ट्यान**
मुख्य अनुसन्धानकर्ता
युनिभर्सिटी अफ मेलबोर्न
ईमेल : sarah.dunstan@unimelb.edu.au

**डा. म्याक्सिन कज**
सह अनुसन्धानकर्ता
एल.एस.टी.एम.र वि.एन.एम.टी.
ईमेल : maxine.caws@bnmt.org.np